परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक
❑ वर्ष १३ ❑ अंक २९ २०८१ फाल्गुन २५ आईतवार Sunday 10, MAR 2025 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## नेकपा एमाले मोरंगको १० औं अधिविशबाट विनर्वाचितहरूको सपथग्रहण



विराटनगर । नेकपा एमाले मोरङको १० औं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरु लाई निर्वाचन कमिटीले पदाधिकारी, तथा सदस्यहरुमा निर्वाचित तथा निर्विरोधहरुको घोषणा पछि सपथ ग्रहण गराएका छन् ।

नेकपा एमाले मोरंगको पाटी कार्यालयलमा भएका सपथ ग्रहण कार्याक्रममा एमाले उपाध्यक्ष गुरु बराल, स्थायी कमिटी सदस्य तथा कोशी प्रदेश इन्चार्ज शेरधन राई, स्थायी कमिटी सदस्य राजेन्द्र गौतम, केन्द्रीय सल्लाहकार परिषद् सदस्य विनोद ढकाल, केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरे लगायतको उपस्थितिमा सपथग्रहण कार्यक्रम गरिएको थियो ।

नेकपा एमाले मोरङको दशौं अधिवेशनमा नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा अध्यक्षमा राजकुमार ओभ्भालाइ पराजित गर्दै अजम्बर राई विजय भएका थिए । राईले ४४६ मत ल्याउँदा राजकुमार ओभ्भाले ४०७ मत मात्रै ल्याएका थिए । यस्तै उपाध्यक्षमा सागर थापाले ४२२ मत ल्याउँदा संस्थापनकी शान्तिकुमारी लिम्बूले ३९१, सचिवमा सोमराज थापाले ४६२ मत ल्याउँदा रविन थापाले ३६८ मत पाएका थिए ।

त्यस्तै उपसचिवमा ढकाल पक्षका सन्तोष वान्तवाले ४९० र उषा भ्झाले ४१८ मत ल्याउँदा संस्थापन पक्ष्ँका इर्जालाल राजवंशीले ३११ र शिल्पा कार्कीले ४०५ मत ल्याएकी थिईन ।

गत फागुन १७ गते

वांकी अन्तिम पेजमा...

## जनप्रतिनिधीको मोटर साईकल खोसेपछि विवाद

विराटनगर । मोरंगको ग्रामथान गाउँपालिकाका उवनिर्वाचनवाट निर्वाचित अध्यक्ष नमोनारायण माझीले वडा अध्यक्षहरुले चढ्ने सेतो प्लेटको मोटर साईकल खोसेपछि विवाद उत्कर्षमा पुगेकोछ ।

गाउँपालिका उपाध्यक्ष गुणवतीदेवी थारु, वडाध्यक्षहरु सुरेशकुमार माझी, यादव खतिवडा, भेषनारायण चौधरी, वीरेन्द्र चौधरीलगायतका जनप्रतिनिधिहरुले नेपाल पत्रकार महासंघको सभाहलमा शुक्रवार पत्रकार सम्मेलनमा वडा अध्यक्ष सुरेश कुमार माझीले भने हाम्रो मोटरसाईकल अध्यक्ष नमोनारायण माझीले गलत प्रक्रियावाट खोसेकोमा विरोध गरेका छौ । वहाँले भने हामीले जुन प्रक्रियावाट मोटरसाईकल प्राप्त गरेका थियौ । त्यही प्रक्रियावाट हामी मोटर साईकल बुझाउन तयार छौ तर अध्यक्षले आफ्नो कार्यकता लगाएर घर-घरवाट सवारी साधन खोस्नु गलत भएको वताए ।

वडाध्यक्ष सुरेशकुमार माझीका अनुसार आफूले चाहेको व्यक्तिलाई गाउँपालिका अध्यक्ष नमोनारायणले लोहोन्द्रा खोलाको ठेक्का दिलाउन खोजेका थिए । तर, अरु जनप्रतिनिधिले साथ दिएनन् । आफ्नो योजनाअनुसार अघि बढ्न नपाएपछि उनी अराजक शैलीमा प्रस्तुत भइरहेको र अरु जनप्रतिनिधिलाई अपमान गर्ने गरेको छ ।

ग्रामथान-७ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता वीरेन्द्र चौधरी अध्यक्षले शिक्षा र पोषण सम्बन्धी पुरानो समिति विघटन गरी एकलौटी निर्णयबाट नयाँ समिति बनाएको बताउँछन् । संघीय सरकारको २ करोड ७५ लाखको बहुपोषण क्षेत्रीय कार्यक्रमका लागि बनाइएको

वांकी अन्तिम पेजमा...

## चर्च ब्वाइज क्लव सेमिफाइनलमा

विराटनगर । विराटनगर मा चलि रहको रात्री कालीन रमपम विरोट गोल्डकप प्रतियोगितामा शनिवार एनआरटी फुटबल क्लबलाई पराजित गर्दै चर्च ब्वाइज युनाइटेडे सेमिफाइलनमा पुगेको छ । विराटनगरमा जारी ९ औं संस्करणको विराट गोल्डकप फुटवल प्रतियोगिता विराटनगरको सहिद रंगशाला मा अन्तिम क्वाटरफाइनलमा एनआरटीलाई २-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको छ ।

शनिवारको खेलसँगै गोल्ड कपको सेमिफाइनलको समी करण पूरा भएको छ । यसअघि नेपाल पुलिस, थ्रीस्टार र विभागीय टिम त्रिभूवन आर्मी सेमिफाइनल मा पुगिसकेका छन् ।

चर्च ब्वाइजले फाइनल प्रवेशको लागि सोमबार नेपाल पुलिससँग खेल्नेछ । चर्च ब्वाइजको जितको लागि विदेशी खेलाडी रिचर्ड र आकाश राईले गोल गरेका थिए । खेलको ३५ औं मिनेटमा चर्च ब्वाइजले अग्रता लिएको थियो । लाक्पा पाखिनको पासमा रिचर्डले चलाखीपूर्ण ढंगले पोस्टको दिशा दिएका थिए ।

चर्च ब्वाइजका लागि दोस्रो गोल ६४ औं मिनेटमा आकाशले गरे । दोस्रो हाफपछि चन्दन दासको ठाउँमा आकाश मैदान प्रवेश गरेका थिए ।

एनआरटी पहिलो हाफमा १-० गोलले पछि पर्यो ।दोस्रो हाफमा एनआरटीले पाएका केही अवसरलाई चर्च ब्वाइजका रक्षापंक्तिका खेलाडीले

वांकी अन्तिम पेजमा...






## नेकपा...

शनिबारबाट शुरु भएको एमाले जिल्ला अधिवेशन सम्पन्न भएको छ । अधिवेशनमा अध्यक्षमा अजम्वर राई, उपाध्यक्षमा सागर थापा, सचिवमा सोमराज थापा, उपसचिवमा सन्तोष बान्तवा र उषा झा निर्वाचित हुनु भएको छ । निर्वाचनमा सर्वसम्मत हुन नसकेपछि दुई समूह चुनावी प्रतिष्पर्धामा गएको थियो ।

पदाधिकारीमा एमाले नेता विनोद ढकाल समूहको प्यानल नै विजयी भएको छ । पार्टी संस्थापन समूहको समर्थन पाएको राजकुमार ओझा नेतृत्वको पदाधिकारीका सवै उम्मेदवार पराजित भएका थिए । अधिवेशन शुरु भएको एक साता लामो अधिवेशनमा ९११ प्रतिनिधि भएपनि ८८८ मत मात्रै खसेको थियो । ७१ जना सदस्यहरु निर्विरोध निर्वाचित भएका थिए ।

नेकपा एमालेमा संगठित भएको ३४ वर्षपछि अजम्वर राईले मोरङ अध्यक्षको जिम्मेवारी पाएका छन् । ०३६ सालदेखि कम्युनिष्ट आन्दोलन मा सहभागि हुँदै आएका उनले ०४७ साल संगठित सदस्यता पाएका थिए ।

०६५ बर्षिय राईले गाउँकमिटी सदस्य, सचिव, इलाका कमिटी सदस्य, इलाका कमिटी सचिव, क्षेत्रीय कमिटीको अध्यक्ष, क्षेत्रीय इन्चार्ज, जिल्ला कमिटी सदस्य, प्रदेश कमिटी सदस्य हुँदै अध्यक्षमा निर्वाचित भएका छन् ।

६५ वर्षीय राई हाल जिल्ला समन्वय समिति मोरङको प्रमुख छन् । ०३६ देखि ०४० सम्म सौठा माविमा शिक्षण गरेका उनले ४ वर्षको शिक्षण पेशापछि पूर्णकालिन सदस्य भएर पार्टी अविचलित रुपमा एमालेको सक्रिय राजनीतिमा छन् ।

२०४९ सालमा गाविस अध्यक्षमा निर्वाचित उनी ०५४ सालमा जिल्ला विकास समिति सदस्य भए । जनप्रतिनिधि र पार्टी संगठन दुवै जिम्मेवारीलाई सफलताका साथ पुरा गर्दै आएका राई ४ कार्यकाल जिल्ला कमिटी सदस्य भए । एमाले कोशी प्रदेश कमिटी सदस्य भएका उनी गत वर्ष सम्पन्न प्रदेश अधिवेशनमा कुनैपनि पदमा उम्मेदवारी दिएनन् ।

स्थानीय स्तरका सामाजिक संघ संस्था, साना किसान सहकारी लगायतमा रहेर सामाजिक क्षेत्रमा पनि उत्तिकै पहिचान बनाएका उनी २०६२-०६३ को जनआन्दोलन उनी उत्तिकै सक्रिय रुपमा लागेका थिए ।

पार्टी संगठनमा लामो अनुभव संगालेका राईले पार्टीलाई एक ढिक्का बनाएर लैजाने बताएका छन् । कसैलाई काखा-पाखा नगरि सवैको सल्लाह, सुझाव अनुसार अघि बढ्ने उनको प्रतिबद्धता छ । राईले सुझाव सल्लाह अनुशार नै अगाडी बढ्ने प्रतिवद्धता जनाएका थिए ।

NO SMOKING

## जनप्रतिनिधीको...

समितिमा रहेकालाई निकालेर अध्यक्षले मनोमानी हिसाबबाट आफूनिकटलाई समितिमा राखेको उनको भनाइ छ ।

उक्त कार्यक्रमको समितिमा चनरदेवी मुसहर र श्यामवतीदेवी थारु खाँ थिए । तर, अरु जनप्रतिनिधिलाई नसोधिकन उनीहरुलाई हटाएर अध्यक्षले सुमनकुमारी चौधरी र गोमा महलदारलाई समितिमा राखेको वीरेन्द्र बताउँछन् ।

उनका अनुसार अध्यक्ष माझी निर्वाचित भएर आएदेखि नै आफूनिकट व्यवसायीलाई लोहोन्द्रा खोला ठेक्का दिन खोजेका थिए । तर, गुणावती कार्यवाहक अध्यक्ष हुँदा नै उक्त खोला ३ करोड १५ लाखमा ठेक्का लागिसकेको र सम्झौता हुन मात्रै बाँकी रहेको वीरेन्द्रको भनाइ छ । उपनिर्वाचनपछि ठेक्का सम्झौता गर्नुपर्नेमा त्यो हुन नसकेको उनले बताए ।

लामो समयसम्म कार्यपालिका बैठक नबोलाएका अध्यक्षले अहिले आएर 'ठेक्का बदर गरौं' भन्दै आफूनिकटलाई खोला जिम्मा लगाउन खोजिरहेको अरु जनप्रतिनिधिहरु बताउँछन् । खोलाको ठेक्काको विषयमा कुरा नमिलेपछि जनप्रतिनिधि बीच विवाद सुरु भएको हो । लामो समयसम्म बैठक नबोलाएर कार्यपालिकालाई अनिर्णयको बन्दी बनाएको जनप्रतिनिधिको गुनासो छ ।

अध्यक्ष नमोनारायणले भने आन्तरिक स्रोतले धान्न नसक्ने भएकाले जनप्रतिनिधिको गाडी फिर्ता लिएको । पत्र नै पठाएर गाडी फिर्ता लिएको उनको भनाइ छ । माझीले आफू पनि सरकारी गाडी नचढ्ने बताए ।

'कर जनताले तिरेका हुन् । जनताको काम नगर्ने अनि सुविधा मात्रै लिन खोज्ने त भएन नी । आन्तरिक स्रोत जुटाउन काम नगर्नेले सुविधा लिन मिल्दैन । गाउँपालिकाले गरेको निर्णयविरुद्ध उच्च अदालत जाने काम भयो,' नमोनारायण भन्छन् ।

## चर्च ब्वाइ...

विफल तुल्याइदिए । चर्च ब्वाइजको बलियो रक्षापंक्ति तोड्न नसक्दा एनआरटी पहिलो खेलबाटै घर फर्किन बाध्य भयो ।

खेलको १४ औं मिनेटमा डिबक्स भित्रबाट एनआरटीका राजिव लोप्चनले गरेको कडा प्रहार चर्च ब्वाइजका गोल रक्षक टेकेन्द्र सिंह थापाले उत्कृष्ट बचाए । २४ औं मिनेटमा एनआरटीका विदेशी खेलाडी अर्मनले गरेको प्रहार चर्च ब्वाइजका गोल रक्षक टेकेन्द्र बाधक बनिदिए । ३३ औं मिनेटमा फोदेले वान भर्सेस वानको सुन्दर गोल गर्ने अवसर खेर फाले । उनको प्रहार बार माथिबाट बाहिरियो । ४० औं मिनेटमा चर्च ब्वाइजका विदेशी खेलाडी आबयोमि डिबक्स भित्रबाट गरेको कडा प्रहार पोसमाथिबाट बाहिरियो ।

चर्च ब्वाइजले एक महिना अगाडी धरानमा सम्पन्न भएको २५ औं संस्करणको बुढासुब्बा गोल्डकपको फाइनलमा हारेको बदला पनि विराट गोल्डकपमा आएर लिएको छ । २७ माघमा सम्पन्न बुढासुब्बा गोल्डकपको फाइनलमा चर्च ब्वाइज युनाइटेडलाई २-१ गोलले पराजित गर्दै एनआरटीले उपाधि उचालेको थियो ।

एनआरटी र चर्च ब्वाइज युनाइटेडको यो सिजनको मोफसलमा भएको फुटबल प्रतियोगितामा चौथो पटकको भेट हो । जसमध्ये दुई एनआरटी र दुई चर्च ब्वाइजले जितेको छ ।

प्रतियोगिताको प्लेयर अफ द म्याच चर्च ब्वाइजका गोल रक्षक टेकेन्द्रसिंह थापा घोषित भए । उनले नगद ११ हजार पाए । आइतवारको पहिलो सेमिफाइनल खेल विभागीय टिम त्रिभूवन आर्मी र थ्रीस्टार बिच हुनेछ ।

## लागुऔषध सहित एक पक्राउ

विराटनगर । सुनसरीको धरान उप-महानगर पालिका -२० स्थितबाट हवाई फायर गरी लागुऔषध गाँजा ओसार पोसारमा संलग्न १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार लागुऔषध गाँजा ओसार पोसार भईरहेको छ भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरान, वडा प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी पोष्ट जोरसखुवाबाट खटिएको प्रहरी टोलीले विष्णुपादुकाबाट रेल्वे तर्फ जंगलको बाटो हुदै शंकास्पद अवस्थामा भारी बोकी आउदै गरेका व्यक्तिहरुलाई नियन्त्रण मा लिने क्रममा प्रहरीले ३ राउण्ड हवाई फायर गरी ओसार पोसारमा संलग्न रहेका मध्ये धनकुटा साँगुरीगढी नगरपालिका-९ का ४३ बर्षीय हरि कुमार राईलाई पक्राउ गरेको छ ।


## बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं

- उमेर पुग्न वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वतावरण सृजना गरौं,
- घरपरिवारमा सिकाईको वतावरण तयार गरौ,
- बालबालिका मैत्रि शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईका अवसर प्रदान गरौं ।
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंरक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।



नेपाल सरकार
कृषितथा पशुपंछी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
विराटनगर, मोरङ्ग

स्वाच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन तथा उपभोग्य मिति, व्याच नं., समिश्रण, तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- खाद्य पदार्थ संग सिधा सम्पर्कमा रही पोको पार्न, पस्कन तथा भण्डारण गर्न पत्र(पत्रिका, मसी छापिएका वा रङ्गिन कागजको प्रयोग नगरौं ।
- सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रूपमा बिक्री वितरण हुने लेवल नभएका रङ्गिन कटन क्याण्डी, अखाद्य रंगको प्रयोग भएका मिठाइ जस्ता खाद्य पदार्थ उपभोग नगरौं ।
- अस्वाभाविक गन्ध भएका, सडेगलेका, फोहोर ठाउँमा उत्पादन गरिएका खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुमति लिएर मात्र उत्पादन तथा बिक्रि वितरण गर्ने गरौं ।
- खाना खाजा खुवाउने होटल रेष्टुरेन्टहरुले स्वच्छता तथा सरसफाई कायम राख्ने गरौं ।
- खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।

सम्पर्क नं. ०२१(४७४८२८, ०२१(४७४२२१


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# सचेत उपभोक्ता बनौं

नेपाली बजारमा अहिल भन्दा बढी ठगीने भनेको उपभोक्ता नै हो । जस कि हामी सवै मानव जाति कुनै न कुनै बस्तुको उपभोग गरी रहेका छौ । हाम्रा समाजमा हामी आफै एक अर्कालाई ठगी गरि रहेको छ । उपभोक्तवादी संस्थाहरु बजारमा जति जुरमुराई रहेको छ सोही अनुसार बजारमा हुने ठगी, गुणस्तरहीन बस्तु तथा सेवाको विक्री, अनावश्यक मूल्यवृद्धि जस्ता समस्याहरू दिनानुदिन बढ्दै गएका छन् । यस्तो अवस्थामा उपभोक्ताहरू सचेत र जागरुक नबनेमा उनीहरू स्वयं ठगीको शिकार बन्ने सम्भावना उच्च रहन्छ ।

एक जागरुक उपभोक्ताले आफ्नो अधिकार र कर्तव्यबारे जानकारी राख्नुपर्छ । उपभोग गरिने वस्तु तथा सेवाको गुणस्तर, मूल्य, म्याद समाप्तिको मिति, कम्पनीको प्रमाणिकरण आदि पक्षहरू सूक्ष्म रूपमा जाँच्नुपर्छ। साथै, कुनै पनि प्रकारको ठगी भएमा वा सेवा असन्तोषजनक देखिएमा सम्बन्धित निकायमा उजुरी गर्ने साहस गर्नुपर्छ। सामाजिक सञ्जाल तथा उपभोक्ता संरक्षण समितिहरूको सहयोग लिएर गलत क्रियाकलापविरुद्ध आवाज उठाउनु आवश्यक छ । बजारमा धेरैजसो उपभोक्ता अज्ञानताका कारण ठगिन्छन् ।

उपभोक्तावादमा नैतिकता कायम राख्नका लागि राज्य, व्यवसायी र उपभोक्ताबीच सन्तुलन आवश्यक हुन्छ। यसका लागि सरकारलाई पनि प्रभावकारी नीति कार्यान्वयन गर्नुपर्छ, व्यवसायीहरूलाई नैतिक व्यापार गर्न प्रेरित गर्नुपर्छ, र उपभोक्ताहरूलाई सचेत बनाइनुपर्छ। जब सबै पक्षले आफ्नो उत्तरदायित्व पूरा गर्छन्, तब मात्र स्वस्थ र पारदर्शी व्यापारिक वातावरण सिर्जना हुनसक्छ । हामी सबैको कर्तव्य हो कि आफ्नो उपभोक्ता अधिकारको रक्षा गर्न जागरुक बनौं, गुणस्तरीय सेवा र वस्तु उपभोग गरौं, र अनावश्यक ठगी तथा अनियमितत ाविरुद्ध सचेत रहौं ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।

# कर्मचारीको पद र हैसियतको हवाला

**मेघ राज शंकर**

सरकारी सेवामा काम गर्ने प्रायले भन्ने गर्छन-सोझो र पहुँच नहुने कर्मचारीलाई टिक्न गाह्रो छ । विषेशगरी पदस्थापन र सरुवाका बेला कर्मचारीको यस्तो गुनासो र असन्तुष्टि धेरै सुनिन्छ ।

हुनत; सार्वजनिक सेवा प्रवाहमा कुन कर्मचारी कुन पद वा दर्जाको हो, कति वर्षको अनुभव भएको हो वा कताबाट सरुवा भएर आयो भन्ने कुरा आम सेवाग्राहीका लागि उति चासोको विषय होइन।जोसुकै भए पनि काम सरल र सहज तवरले सम्पन्न भयो भने त्यो नै असल र सक्षम कर्मचारी हो ।

कुनै सरकारी कार्यालयमा सेवा लिन जाँदा कुनै सेवाग्राहीले हैरानी व्यहोरेको रहेछ भने त्यस्तो सेवाग्राहीले कर्मचारीको सेवा-सुविधाको समाचार सुन्ने बित्तिकै विरोध गर्नु पनि स्वभाविक हो । तर यससँगै जोडिएको विषय के पनि हो भने कर्मचारीको अनुभव, क्षमता, उत्प्रेरणा र प्रतिवद्धताले सेवाको गुणस्तर पक्कै फरक पर्छ । त्यसैले भन्ने गरिन्छ, ठिक ठाउँमा, ठिक समयमा, ठिक व्यक्ति हुनुपर्छ ।

धेरै कर्मचारीलाई पिरोलि रहने विषय भनेको पदस्थापन र सरुवा हुँदाको अवस्थामा हो । झट्ट हेर्दा लाग्छ, सरकारले जहाँ खटाए पनि जागिर खान्छु भनेर सेवा प्रवेश गरेपछि किन त्यस्तो रस्साकस्सी गर्नु । खटाएको ठाउँमा जानु कर्मचारीको कर्तव्य हो ।

अझ सार्वजनिक सेवामा आवद्ध नभएकाहरुले के पनि भन्ने गर्छन् भने, बाहिर कयौं युवाहरु काम नपाएर बेरोजगार छन्, उता कर्मचारीहरु रोजेको ठाउँमा जान पाइएन भनेर रोइलो गर्छन्। ठिक हो, कर्मचारीको पदस्थापन र सरुवा यदि स्वच्छ तवरले प्रणाली अनुसार हुन्थ्यो भने अपेक्षा पनि त्यही हुन्थ्यो । सबैलाई समान व्यवहार हुन्थ्यो भने सके प्रणाली जे छ त्यसैमा चलेर जागिर खाने नसके अन्य विकल्प खोज्नु पर्थ्यो। अहिले भइराखेको अभ्यासले त्यस्तो देखाउँदैन ।

कसैले सेवा जीवनमा सधैं चाहेको ठाउँमा काम गर्न पाएको छ, कसैले नचाहेको र अपायक पर्ने ठाउँमा वर्षौंसम्म खट्नु परेको छ । कसैले सेवा कालभरि सुगममा त्यसमा पनि सिंहदरबारमा नै जागिर खान्छ, उसले दुर्गम जानु परेको छैन । कसैले चाहेर पनि सिंहदरबारमा जागिर खान सक्दैन। कसैले कयौं वर्ष दुर्गममा काम गरेर सरुवा माग गर्दा पनि सरुवा हुँदैन, उल्टै सरुवा अधिकार हैन, सरकारले आवश्यक ठानेको ठाउँमा खटाउने हो, कानुन थाहा छैन ? भनेर उल्लिबिल्ली बनाउने गरिन्छ ।

यसले गर्दा कर्मचारी वृत्तमा अनेक गुनासो र असन्टुष्टि छछल्किने गर्छ। यही सन्दर्भलाई लिएर सेवाभित्र अनेक शंका, उपशंका, अड्कलबाजी र परिचर्चा हुने गरेका छन्। खासखुस चल्ने गर्छ, लौ फलाना ठाउँमा पदस्थापन वा सरुवा हुन त दशौं लाख बुझाउनुपर्छ रे। यस्तो गाइँगुइँले सर्वसाधारण कर्मचारीमा केही उत्सुकता, केही त्रास र केही निराशा पैदा गराउँछ ।

एकजना साथीले भने- सरकारले पोशाकभत्ता दिए पनि तीन वर्ष भयो, पूरा पोशाक नसिलाएको । चैत महिनामा पोशाकभत्ता दश हजार आउँछ। त्यसैबेला बच्चाको ठिक्क अर्को कक्षामा भर्ना गर्ने बेला भएको हुन्छ, त्यही पैसा थपथाप गरेर बच्चाको भर्ना गरिन्छ । नयाँ पोशाक किन्नु त कता हो कता ।

यस्तो महोलमा संलग्न नभएकालाई लाग्छ, कर्मचारीहरुसँगै यसरी लाखौं पैसा असुल्ने काम कसले गर्छ होला, अनि यति धेरै पैसा कर्मचारीले चाहिँ कहाँबाट ल्याएर देला। त्यत्रो पैसा बुझाएर के काम गर्छ, त्यो बुझाएको पैसा कसरी परिपूर्ति गर्छ ? जे होस्, हावा चलेर पात हल्लिए पनि वा पात हल्लिएर हावा चले पनि अधिकांश कर्मचारीले बारम्बार सुन्ने प्रसंगहरु हुन् यी ।

अझ केही अड्डाका रोचक किस्सा पनि सुनिने गरिन्छ, लौ फलाना अड्डामा त कर्मचारी रातदिन काम गर्न आतुर हुन्छन् रे, त्यो अड्डामा जान त तँछाडमछाड छ रे, भित्रभित्रै बोलकबोल नै हुन्छ रे । त्यस्ता अड्डामा त कर्मचारीले बिदा पनि नलिई काम गर्छन् रे, अरु त के किरिया बिदामा गएको कर्मचारी पनि काजकिरिया सकेकै दिन काममा हाजिर हुन्छ रे। गर्भवती महिला कर्मचारी पनि कुनै दिन बिदा लिँदैनन् रे, बरु प्रसूति व्यथा लागेपछि अफिसबाटै अस्पताल भर्ना हुन जान्छन् रे ।

काम गर्ने अड्डा र कर्मचारी को रुचिबारेका यस्ता किस्सा र कहानी सत्य नभएर कर्मचारीबारे अनर्गल प्रचार बाजी अर्थात् हँसिमजाक पनि हुन सक्लान् । तथापि, असन्तुष्ट कर्मचारीले फुर्सदको समयमा गफिने मसला भने पक्कै हो । सबै कर्मचारी एकै प्रकारका हुँदैनन् । एउटा कर्मचारीले लाखौं दिने र अर्कोले खाने भन्ने कुरा सबैमा सान्दर्भिक भने छैन ।

पदोन्नति निश्चित भएपछि एकजना साथीले भने- यो महिनाको तलब आएपछि नियुक्ति भएको भए राम्रो हुन्थ्यो। बैंङ्क ब्यालेन्स जिरो हुन आँटेको छ । लड्डु खुवाउन पनि ऋण नै गर्नुपर्ला जस्तो पो छ। महिनाको अन्तिम-अन्तिम हुन थालेपछि तलब नआउन्जेल घर खर्च केले धान्ने भन्ने पिर लाग्न थाल्छ । केही साथीहरु खटाएको ठाउँमा नगएर मन्त्रालयमा बिनातलब हाजिर गरेर बस्छन्, मेरो त त्यसरी बस्न सक्ने अवस्था छैन। परिवारमा कमाउने म एक्लै हो । एक महिना तलब आएन भने चुलो बल्दैन, केटाकेटी स्कुल जान सक्दैनन् । त्यसैले खटाएको ठाउँमा गइहाल्छु ।

अर्का एकजना साथीले भने- सरकारले पोशाकभत्ता दिए पनि तीन वर्ष भयो, पूरा पोशाक नसिलाएको। चैत महिनामा पोशाकभत्ता दश हजार आउँछ। त्यसैबेला बच्चाको ठिक्क अर्को कक्षामा भर्ना गर्ने बेला भएको हुन्छ, त्यही पैसा थपथाप गरेर बच्चाको भर्ना गरिन्छ । नयाँ पोशाक किन्नु त कता हो कता ।

झण्डै ५० हजारको हाराहारीमा तलब खाने अधिकृत कर्मचारीले यस्तो दरिद्रता देखाउँदा कर्मचारी इतरका धेरैलाई लाग्दो हो, मान्छेले काठमाडौंमा नाङ्लो पसल गरेर पनि जीविका चलाएको छ, त्यत्रो पैसाले पनि जीवन कठिन हुन्छ र ?

एउटा कर्मचारीको सेवा जीवन यस्तो होस् कि आफूले गरेका काम सम्झेर आफैं लजाउन र पश्चाताप गर्न नपरोस् । विलासी जीवन र अनैतिक माध्यमबाट आर्जित शक्तिलाई नै प्रतिष्ठित जीवन मान्ने सामाजिक सोच रहिरहने हो भने इमान्दारहरु पनि इमान्दार भएकोमा पश्चाताप गर्ने अवस्था नआउला भन्न सकिन्न ।

सीमित स्रोतले असीमित आवश्यकता पूरा गर्नुपर्नेलाई मात्र थाहा हुन्छ । कर्मचारी वृत्तमा यसरी दैनिक जीवन चलाउने केही कर्मचारी छन् । तलब स्केल र बजार मूल्य तुलना गर्ने हो भने जागिरले जीवन यसरी नै चलाउनुपर्ने बाध्यता छ । बाहिरबाट कर्मचारीलाई जति गाली गरे

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# पहाडबाट तराईमा बसाई सराई गर्ने प्रवृत्ति अत्याधिक



विराटनगर । पहाडबाट तराईमा बसाई सर्ने प्रवृत्ति अत्याधिक भएकोले पहाडी क्षेत्रको बसाईसराईलाई रोक्ने गरी योजना बनाउनुपर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।

विराटनगरमा प्रदेश योजना आयोगले शुक्रवार आयोजना गरेको प्रदेश स्तरीय आयोजना तर्जुमा गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले पहाडबाट तराईमा बसाई सर्ने प्रवृत्ति अत्याधिक रहेकोले त्यसलाई रोक्ने गरी योजनाहरु बनाएर कार्यान्वयन गर्नुपर्ने वताएका थिए । उहाँले असन्तुलित बजेट वितरणलाई रोकेर समानुपातिक र कामयाबी बजेट बनाउनु पर्नेमा जोड दिएका थिए ।

पहाडी क्षेत्रको जनजीवन सहज बनाउने रोजगारी सिर्जना गर्ने विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री कार्कीले हामी जति लगानी गरेर योजनाका काम गर्छौं हाम्रा लक्ष्य र उद्देश्य पूरा हुनुपर्ने वताएका थिए । हामीले लगानी गरेका कामहरूबाट आम्दानी समेत हुनेगरी योजना बनायौं भने प्रदेशको आर्थिक स्रोत पनि बलियो हुने मुख्यमन्त्री कार्कीले बताए ।

मुख्यमन्त्री कार्कीले प्रदेशको स्रोत सिमित भएकोले अब लगानी गर्दा खास गरेर पर्यटनको क्षेत्रमा हामीले जति लगानी गर्छौं त्यसबाट प्रदेशलाई पनि आम्दानी हुने गरी काम गर्नुपर्ने धारणा राखेका थिए । स्थानीय तहले पर्यटनको क्षेत्रमा लगानी गर्दा हामीले पनि संयुक्त रुपमा लगानी गरेर त्यसको आम्दानी प्रदेश र स्थानीय तहलाई बाँड्ने गरी योजना ल्याउनुपर्छ )

उहाँले भन्नुभयो 'यसो गरियो भने हाम्रो काम पनि हुन्छ र प्रदेशको स्रोत पनि बढ्दै जान्छ । , यस वर्षदेखि प्रदेश सरकारले सञ्चालन गर्न लागेको प्रदेश योजना बैंकको विषयमा कोशी प्रदेशका प्रदेश सभा सदस्यहरुसँग आयोजना गरिएको सो अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री कार्कीले प्रदेशले गरेका कामहरूमा प्रदेश सभाका सदस्यहरूलाई छायाँमा नपार्ने गरी अघि बढ्नुपर्ने कुरामा जोड दिएका थिए ।

उहाँले भन्नुभयो,'प्रदेश सांसदलाई पनि स्वामित्व लिँदै योजनाहरू छनोट गरौं र केही पाइएन भन्ने गुनासोलाई न्यूनीकरण गर्दै नमुना काम पनि गरौं ।, उहाँले प्रदेश योजना बैंक सञ्चालनमा आएसँगै प्रदेशका योजनाहरु विधि र प्रक्रियागत ढंगले अगाडि बढ्ने र यसले बजेटमा देखिने व्यथितिहरु पनि हट्ने वताएका थिए ।

सो कार्यक्रममा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री राम बहादुर रानाले प्रदेश प्रदेशमा सन्तुलित विकास गर्न र गोजीबाट योजना हाल्ने प्रवृत्तिको अन्त्य गर्न प्रदेश आयोजना बैंक कामयाबी हुने बताएका थिए । कोशी प्रदेशका प्रदेश सभा सदस्य, मन्त्रीर सचिवहरूको सहभागितामा कार्यक्रम भएको थियो ।

# ११५ औं महिला दिवसको अवसरमा एक दिने गोष्ठी

विराटनगर । नेपल घरेलु तथा साना उद्योग महासंघ महिला उद्धम समिति मोरंगद्वारा ११५ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा सरोकारवाल सँग महिला उद्यमी सम्बन्धि एक दिने गोष्ठी सम्पन्न गरेको छ ।

गोष्ठीका प्रमुख अतिथी उद्योग, कृषि  तथा सहकारी मन्त्रालय सहायक अधिकृत ( उद्योग शाखा ) चुडामणि नेउपानेले गोष्ठीको समुद्घाटन गर्दै गोष्ठीको सहजीकरण समेत गरेका थिए । वहांले उद्योग सम्बन्धि ऐन कानुनमा रहेको नीति, नियम, दर्ता प्रक्रिया, जरीवाना, खारेजी, उद्योग बन्द गर्ने प्रक्रिया सम्बन्धमा सरोकारवाला सँग महिला उद्यमी सम्बन्धि क्रियाकलापहरुको वारेमा जानकारी गराएका थिए ।

उक्त अवसरमा नेपल घरेलु तथा  साना उद्योग महासंघका अध्यक्ष चेतन निरौलाले ११५ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा प्रत्येक वर्ष चनचेतना मुलक कार्यक्रम अन्तर्गत यस पटक सरोकारवाला सँग महिला उद्यमी वीच छलफल र उद्योग सम्वन्धि कानुनमा भएका व्यवस्थाहरुको वारेमा महिला दिदी बहिनीहरुलाई जानकारी होस भन्ने उदेश्यले गोष्ठी संचालन गरीएको वताए ।

करीव ४ दर्जन सहभागी रहको गोष्ठीको लागि विराटनगर महानगरपालिकाले सहयोग गरेको भन्दै महिला उद्धम समिति मोरंगका अध्यक्ष एवम् गोष्ठी संयोजक अम्बिका भण्डारीले वताईन । उद्योग सम्बन्धि ऐन कानुनमा रहेको नीति नियम बारे सबै महिला उद्यमीले जानकारी पाउन भन्ने उदेश्य गोष्ठी आयोजना गरेको अध्यक्ष भण्डारीले वताईन ।

# मेवाको वियाँको फाईदा

धेरैले रुचाउने फलफूल मध्ये एक हो मेवा। यो खनिज र भिटामिनहरूले भरपूर्ण हुन्छ। हामी प्राय: मेवा खाँदा त्यसको बियाँ निकालेर खाने गर्छौं । तर ती बियाँ अर्थात् बीउहरू हाम्रो स्वास्थ्यको लागि भने निकै फाइदाजनक हुन्छन् । त्यही मेवाको बियाँको फाइदाबारे चर्चा गरौं ।

१. एन्टिअक्सिडेन्टको स्रोत

मेवाको बियाँमा पोलिफेनोल, फ्लेभोनोइड्स, एल्कालोइड्स, ट्यानिन्स र सेपोनिन्स जस्ता एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ । एन्टिअक्सिडेन्टले हामीलाई विभिन्न रोगहरूबाट बचाउँछ ।

२. पेट स्वस्थ बनाउँछ

मेवाको दानामा प्रशस्त मात्रामा फाइबर हुन्छ । तिनीहरूले आन्द्राको चाललाई नियमित गर्दछ र शरीरबाट विषाक्त पदार्थहरू हटाउँछ । जसो कारण पेट सफा हुन्छ र कब्जियत पनि हुँदैन । यसले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्छ ।

३. तौल घटाउन मद्दत गर्दछ

मेवा दानामा प्रशस्त मात्रामा फाइबर हुन्छ । तिनीहरूले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्छन् । जसकारण हाम्रो शरीरबाट विषाक्त पदार्थहरू हट्छन् । तिनीहरूले हाम्रो मेटाबलिज्मलाई नियमित गर्न र मोटोपना रोक्न मद्दत गर्छ ।

४. कोलेस्ट्रोलको स्तर घटाउँछ

मेवाको बीउमा ओलिक एसिड प्रशस्त हुन्छ। यी फ्याटी एसिडहरूले खराब कोलेस्ट्रोल घटाएर कोलेस्ट्रोलको स्तरलाई नियन्त्रण गर्छ। मेवाको दानामा पनि प्रशस्त मात्रामा फाइबर हुन्छ । फाइबरले शरीरमा कोलेस्ट्रोलको मात्रा घटाउन मद्दत गर्छ। ।

५. क्यान्सरको जोखिम बाट बचाउँछ

मेवाको बीउमा पोलिफेनोल हुन्छ जुन शक्तिशाली एन्टिअक्सिडेन्ट हो। त्यसले हाम्रो शरीरलाई विभिन्न प्रकारका क्यान्सरहरूबाट बचाउँछ। मेवाको बीउमा आइसोथियासाइनेट पनि हुन्छ, जसले क्यान्सर कोशिकाको निर्माण र विकासलाई रोक्छ ।

६. मिर्गौलालाई फाइदा गर्छ

मेवाको दानाले मिर्गौलालाई क्षति हुनबाट जोगाउँछ । यसको सेवनले मिर्गौलाको कामलाई सहज बनाउँछ ।

७. मुटुको लागि फाइदाजनक

मेवाको दानाले हाम्रो मुटुको रक्षा गर्छ । दानाहरूले रक्तचाप र कोलेस्ट्रोल स्तर कम गर्न पनि मद्दत गर्दछ, जसले हाम्रो हृदयलाई विभिन्न विकारहरूबाट बचाउँछ ।

८. छालाको लागि राम्रो

मेवाको बीउमा एन्टी एजिङ गुण हुन्छ । तिनीहरूले हाम्रो छालाको लचिलोपन कायम राख्छन् जसकारण रिन्कलहरु विकासलाई हुन पाउदैनन् ।

९. महिनावारीमा दुखाइ कम गर्छ

मेवामा क्यारोटिन हुन्छ। जसले एस्ट्रोजेन हर्मोनको उत्पादनलाई नियन्त्रण गर्न मद्दत गर्दछ । मेवाको बीउले महिनावारी गराउन मद्दत गर्छ र यसको फ्रिक्वेन्सी पनि बढाउन सक्छ । यसले केहिहदसम्म महिनावारीमा हुने दुखाई पनि कम गर्न मदत गर्छ ।

१०. फुड पोइजन निको पार्छ

अनुसन्धानको अनुसार मेवाको बीउको खानाले ईकोली, साल्मोनेला, स्टेफिलोकोकस, आदि जस्ता ब्याक्टेरियाहरूलाई मार्न मद्दत गर्दछ। जुन फुड पोइजन गराउने ब्याक्टेरियाहरू हुन् । (फर्मइजीबाट)




## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।


लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# टी वीद टीम एक सय भाग पुरा गरेको अवसरमा शुभकामना



बिराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा सहकर्मीसंग एक पल "टी वीद टीम" कार्यक्रम तथा "साप्ताहिक प्रहरी कार्यक्रम"एकसय भाग प्रसारण भएको अवसरमा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

शुक्रवार कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महा निरीक्षक राजन अधिकारीको प्रमुख आतिथ्यतामा भएको सहकर्मीसंग एक पल "टी वीद टीम" कार्यक्रममा प्रहरी कर्मचारीहरुलाई नृत्य, कविता तथा हाजिरी जवाफ प्रतियोगितामा सहभागी गराईएको थियो।

कार्यक्रम अन्तरगत दिन रात प्रहरी संगठनको निम्ति तल्लिन रहनु हुने कोशी प्रदेश प्रहरी कार्यालयमा कार्यरत प्रहरी कार्यालय सहयोगी शिव कुमार राईको जीवनीमा आधारित भिडियो क्लिप समेत सहकर्मीहरु विच प्रदर्शन गरिएको थियो।

उक्त कार्यक्रमलाई सम्वोधनको क्रममा प्रमुख अतिथि अधिकारीले व्यस्त व्यवसायीक जीवन शैली तथा कार्यबोझका कारण प्रहरी कर्मचारीहरु बीचमा कायम हुनु पर्ने आपसी भातृत्व शिष्टचार र सद्भावपूर्ण वातावरण समेत अपेक्षाकृतरुप मा सुदृढ गर्न, प्रहरी कर्मचारी हरुको मनोबल उच्च बनाउन, सामुहिक भावनाको विकास लगायत तनाव व्यवस्थापनको निम्ति यस्ता कार्यक्रमलाई निरन्तरता दिदै जानुपर्ने बताएका थिए।

वहाँले प्रहरी संगठनमा गहन जिम्मवार बोकेका उर्जावान प्रहरी कर्मचारीहरुको प्रतिभालाई प्रस्फुटन गर्न र आपसी भावना साटासाट गर्न यस कार्यक्रमले मद्दत मिल्ने वताएका थिए।

कोशी प्रदेश प्रहरी कार्यालयले आफ्नै स्टुडियोको स्थापना गरी आफ्नै जनशक्तिबाट साप्ताहिक रुपमा प्रहरी कार्यक्रम निर्माण गरी एनटीभी इटहरी च्यानल लगायत स्थानीय टेलिभिजन हरुबाट प्रसारण गर्दै आई रहेको कार्यक्रम एकसय भाग सम्म सिमित साधन स्रोतका वावजुद अथक प्रयासका साथ निरन्तरुपमा प्रसारण गरेको शुभ अवसरमा सम्पूर्ण टिमलाई बधाई दिनुका साथै आगामी दिनहरुमा समेत उत्कृष्ट प्रहरी कार्यक्रम सम्पादन गरी आम नागरिक हरुमा सचेतना अभिवृद्धि गर्ने कार्यमा लगनशिल र ईमान्दारीताका साथ अगाडि बढ्न निर्देशन दिएका थिए।

साथै सहकर्मीसंग एक पल "टी वीद टीम" कार्यक्रम अन्तरगत हाजिरी जवाफ प्रतियोगितामा सही जवाफ दिने प्रहरी कर्मचारीहरु,२४ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने २ जना महिला प्रहरी कर्मचारीहरु तथा प्रहरी कार्यक्रमको एकसय भाग पुरा गरेको अवसरमा सुचना समन्वयशाखामा कार्यरत प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गर्नु भएको थियो।

"साप्ताहिक प्रहरी कार्यक्रम" एकसय भाग पुरा गरको सु-अवसरमा प्रदेश प्रहरी प्रमुख अधिकारीद्वारा प्रहरी कार्यक्रम एकसय भाग लेखिएको केक काट्नु भई कार्यक्रमलाई हर्सोल्लासका साथ सम्पन्न बनाईएको थियो। साथै उक्त कार्यक्रममा प्रमुख अतिथि अधिकारीद्वारा उपस्थित प्रहरी कर्मचारीहरुलाई आफैले खाजा समेत वितरण गर्नु भएको थियो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरीष्ठ उपरीक्षक गोबिन्द अधिकारी, प्रहरी उपरीक्षक दिपक पोखरेल, प्रहरी उपरीक्षक हरि डंगोल सहित प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# चोरी भएको ३२ थान मोवाईल बरामद

विराटनगर। उर्लावारी, नवलपरासी र दमकबाट चोरी भएको ३२ थान मोवाइल प्रहरीको संयुक्त टोलीले बरामद गरेका छन्।

कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समुह तथा जिल्ला प्रहरी कार्यालय मोरङ, इलाका प्रहरी कार्यालय पथरी र इलाका प्रहरी कार्यालय उर्लाबारीबाट संयुक्तरुपमा परिचालन भएको प्रहरी टोलीले चोरी भएको मोवायल बरामद गरको हो।

माघ २१ गते मोरङको उर्लाबारी नगरपालिका(५ स्थित योगराज कार्कीको मोबाइल वल्ड पसलको सटर तोडफोड गरी चोरी भएको मोबाइलहरु खोजतलासको क्रममा परिचालन भएको प्रहरी टोलीले भारतीय प्रहरीसंगको सहकार्यमा भारतका बिभिन्न स्थानहरुबाट उर्लाबारीमा चोरी भएको २० थान मोवायल बरामद गरको थियो।

त्यसैगरी नवलपरासीमा चोरी भएको ११ थान र दमकमा चोरी भएको १ थान मोवायल बरामद गरेको थियो।

मोवायल चोरीको घटना सम्बन्धमा अन्य थप अनुसन्धान तथा चोरीमा संलग्न व्यक्तिहरुको खोजत लास कार्य भईरहेको प्रहरीले जनाएको छ।

# लागुऔषध ब्राउन सुगर सहित सत्र जना पक्राउ

विराटनगर। झापा, मोरङ र सुनसरीवाट लागुऔषध ब्राउन सुगर सहित ११ जनालाई प्रहरीले पक्राउ गरको छ।

सोमवार लागुऔषध नियन्त्रण ब्युरो बिराटनगर र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ स्थितबाट लागुऔषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

प्काउ पर्नेमा भारतबाट नेपालतर्फ आउदै गरेको पैदल यात्री भारत बिहार अररियाका २८ बर्षीय अर्जुन मल्लिक, बिराटनगर-१७ का १९ बर्षीय साईनम गुरुङ र लेटाङ नगरपालिका-३ का ४० बर्षीय नबिन तामाङलाई चेकजाँच गर्दा उनिहरुको साथबाट ४० ग्राम १४ मिलिग्राम ब्राउन सुगर फेला पारी पक्राउ गरेको थियो।

त्यसैगरी सोही दिन झापाको बिर्तामोड नगरपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय अनारमनी र अस्थायी प्रहरी बिट बसपार्कबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-४ का ३३ बर्षीय दिनेश माझीलाई चेकजाँच गर्दा उनको साथबाट ६५० मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो। इलाका प्रहरी कार्यालय दमकले दमक नगरपालिका-८ का ३३ बर्षीय बिकाश चुडाल र दमक-२ का २८ बर्षीय दिपक दियालीलाई ट्रामाडोल १७० क्याप्सुल र स्पास्पेन १७० चक्कि सहित दमक-६ बाट पक्राउ गरेको थियो।

सुनसरीको धरान-३ स्थितबाट वडा प्रहरी कार्यालय धरानले चेकजाँचको क्रममा धरान-१० का २७ बर्षीय बिनय देवान, ३५ बर्षीया सृजना गुरुङ र धरान-१६ का २८ बर्षीय कुविर श्रेष्ठलाई ट्रामाटोल ५०० क्याप्सुल र डिकोलिक ५०० चक्की सहित नियन्त्रणामा लिएको छ भने अस्थायी प्रहरी चौकी नयाँ बसपार्कले धरान-१५ की ४५ बर्षीया रेशु राई र धरान- ३ का ३७ बर्षीय राजु तामाङलाई ट्रामाडोल ४०८ क्याप्सुल र स्पास्मो २४४ चक्की सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी झापा, मोरङ र उदयपुरबाट लागुऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको थियो। फागुन २१ गते मोरङको मिक्लाजुङ गाउँपालिका- ७ का २४ बर्षीय राजन राईलाई इलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरी टोलीले लागुऔषध ट्रामाडोल २०० क्याप्सुल र स्पासरेष्ट १६० ट्याब्लेट सहित उनकै घरबाट पक्राउ गरेको हो भने इलाका प्रहरी कार्यालय पथरीले पथरीशनिश्चरे- १ का २० बर्षीय आकाश कंडेललाई ट्रमाडोल र स्पासपेन गरी जम्मा १४० चक्की सहित पक्राउ गरेको थियो।

त्यसैगरी झापाको दमक नगरपालिका-६ बाट इलाका प्रहरी कार्यालय दमकले चेकजाँचको क्रममा प्र.१-०१-००२ ह ६६०५ नम्बरको सिटी सफारी चालक सुनसरी हरीनगरा गाउँपालिका घर भई हाल कमल गाउँपालिका-६ स्थित बस्दै आऐका २६ बर्षीय राम कुमार महतो र सफारीमा सवार दमक-१ का १९ बर्षीय बिधान तामाङलाई ट्रामाडोल ७० क्याप्सुल र स्पास्पेन ७० चक्की सहित नियन्त्रणमा लिएको हो। त्यस्तै इलाका प्रहरी कार्यालय बेल्टारले चौदण्डीगढी नगरपालिका-६ बाट स्थानीय १९ बर्षीय सन्जिब राई र १८ बर्षीय अनिल राईलाई ट्रामाडोल ८९ क्याप्सुल र स्पास्पेन ८९ ट्याब्लेट सहित पक्राउ गरेको थियो।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान सम्वन्धित प्रहरी कार्यालयवाट भईरहेको छ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी
एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु
- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।
नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न तयार



विराटनगर । कोशी प्रदेश सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

विराटनगरमा विराटनगर ट्रक व्यवसायी सङ्घको ३३ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले सरकार एक्लैले सबैथोक गर्न नसक्ने भएकाले सहकार्य गरेर अगाडि बढ्नका लागि सरकार तयार रहेको वताएका थिए । उहाँले कोशी प्रदेश सरकारले सहकार्यकै मोडललाई ध्यान दिँदै ट्रक व्यवसायीसँग विराटनगरको पार्किङलाई व्यवस्थित गर्न २ करोड रुपैयाँ छुट्याएर काम गरेको जानकारी गराउँदै कोशी प्रदेश सरकारले आगामी वैशाख १८ र १९ गते लगानी सम्मेलन गर्ने तयारी गरेको जानकारी दिएका थिए ।

मुख्यमन्त्री कार्कीले लगानी सम्मेलनले प्रदेशमा लगानीको वातावरण बन्ने र निजी क्षेत्रसँगको सहकार्य पनि वृद्धि हुने बताउनुभयो। प्रदेश सरकार सुशासन कायम गर्दै विकास र समृद्धितर्फ अगाडि बढेको र असारे विकासलाई निरुत्साहन गर्न समेत लागिपरेको चर्चा गर्दै कार्कीले सुशासन मार्फत समृद्धि हासिल गर्ने वताएका थिए । उत्पादकत्व वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने क्षेत्रमा साझेदारीका मार्फत काम गर्न प्रदेशले चाहिरहेको उल्लेख गर्दै उहाँले व्यवसायीहरुलाई नयाँ नयाँ क्षेत्रमा काम गर्न आग्रह गरेका थिए । यस्तो काम गर्दा सरकार पनि सँगसँगै हातेमालो गर्छ, उहाँले भन्नुभयो ,'सहकार्य र हातेमालोको माध्यमबाट राष्ट्रिय पुँजी समेत विकास गर्न सकिन्छ ।'

कार्यक्रममा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले प्रदेश सरकार यातायात क्षेत्रको सुधारका लागि लागिपरेको उल्लेख गरेका थिए । ट्रक व्यवसायीहरुले आफूहरुले भोग्नु परेको समस्याका बारेमा मुख्यमन्त्रीलाई अवगत गराएका थिए । कार्यक्रममा ढुवानी व्यवसायी शम्भुप्रसाद भट्टराईले ढुवानीका क्षेत्रको समस्या समेत सम्बोधन गर्नका लागि आग्रह गरेका थिए ।

## कर्मचारीको...

पनि आखिर कतिपय कर्मचारीको वास्तविक अवस्था यही हो । सरकारकै जागिर खाएर त्यसो त आलिसान जिन्दगी जिउने कर्मचारी पनि छन् । अधिकांश जनमानसले कर्मचारीलाई त्यसरी नै जिउनेको रुपमा बुझ्ने गर्छन् । तर उनीहरुले लड्डु र पोशाकको चिन्ता गर्नेस्तरका कर्मचारी पनि छन् भन्ने यथार्थ भुल्नु हुँदैन ।

आफ्नो तलबमा सीमित रहेर फारो गरेर जीवन चलाउने कर्मचारीप्रति समाजको धारणा र स्वीकार्यता कस्तो छ भन्ने पक्ष पनि महत्वपूर्ण छ । यो स्तरका कर्मचारीले समुदायमा पार्टी, बिहेभोज र सामाजिक समारोह लगायतका कार्यक्रममा ताँमझामका साथ जान सक्ने कुरै भएन । प्रायः सबै पार्टी तथा समारोहमा एउटै पहिरन र एकै प्रकारको रहनसहनमा हुनुपर्ने अवस्था हुन्छ । प्रायः त्यहाँ ब्रान्डेड लुगा, गरगहना र बिलासी लवाइ आदिको पनि ख्याल हुने हुँदा यस प्रकारका कर्मचारीको उपस्थिति निम्सरो देखिन्छ ।के के न पदमा पुग्यो भनेको गतिमति रहेछ भन्ने सोचाइ र व्यवहारको सिकार हुनुपर्ने अवस्था छ ।

हिजोआज त विदेशको कमाइसँग तुलना गर्ने र विदेशतिर खिचेका तस्वीरसँग एउटा कर्मचारीको जीवनशैली सँग तुलना गरेर नेपालमा केही हुँदैन हेर फलाना कर्मचारीको अवस्था त्यस्तो छ भन्ने कुरा उठ्न सक्छ । छरछिमेकबाट पनि कर्मचारी भएर के गर्नु केही गर्न सक्ने रहेनछ भनेर कुरा काट्ने, उस्तै परे हेप्ने प्रवृत्तिबाट पनि प्रताडित बन्नुपर्ने हुनसक्छ ।

हाइपावर र हाइप्रोफाइल का व्यक्तिहरुसँग कुनै होटल तथा रेष्टुरेन्टमा खानपान गरेर बस्न पनि यस्ता कर्मचारीसँग क्षमता हुँदैन । अलिक मोटो बिल फलाना हाकिम साबले तिर्नुहुन्छ भन्दा भ्याप्पै तिर्न सक्ने अवस्था हुँदैनायससँगै, हाम्रो फलाना सम्मेलन हुँदैछ वा कार्यक्रम हुँदैछ हाकिम साहेबको तर्फबाट यति रकम है भनेर सहयोग मार्दा पनि लौ हुन्छ भन्न सक्ने त्याकत पनि हुँदैन ।

कसैलाई पक्राउबाट बचाउनुपर्‍यो वा हिरासत बाट निकाल्नुपर्‍यो भन्दा यसखाले कर्मचारीको त्यस्तो पहुँच र नैतिकता नहुन सक्छ । त्यति भएपछि राजनीतिज्ञ र शक्तिशाली व्यक्तित्वले समेत उति खोजिरहने व्यक्तिमा पर्दैनन् यस्ता कर्मचारीहरु ।

हातमा घडी कस्तो छ, मोबाइल कुन ब्रान्डको छ, मोबाइलमा कहाँकहाँबाट कल आउँछ भन्ने कुराले पनि कर्मचारीको हैसियत तय गर्ने भएकोले समाजको अपेक्षा अनुसार बन्न नसक्नेहरु प्रायः निरीह बन्नुपर्ने अवस्था छ । यसकारण समाजको प्रतिष्ठा के हो भन्ने स्थापित भएको मानकमा पुग्न नसक्ने वा नचाहने कर्मचारीलाई बडो सकस हुने गर्छ ।

सरकारी सेवा पनि यही समाजको प्रतिविम्वित स्वरुप भएकोले प्रशासन संयन्त्रभित्र कसले कसलाई कसरी रिझाउन सक्छ, प्रभाव पार्न सक्छ, कोसँग कुन नेता वा राजनीतिक शक्तिको पहुँच छ, प्रशासनको उच्च तहमा कसको कति पहुँच छ, कसको पहुँचमा कुनकुन कार्यालय वा मन्त्रालयमा काम गर्‍यो भन्ने कुराले कर्मचारीले प्राप्त गर्ने सेवा-सुविधा मात्र नभएर कर्मचारीको क्षमतालाई बुझ्ने विषयमा समेत प्रभाव पार्छ । यसरी प्रभाव पार्न नसक्नेहरु स्वार्थी समूहको नजरमा कमजोर बन्ने गरे तापनि काम गर्ने सवालमा भेट भएका सेवाग्राही तथा सरोकारवालाको लागि भने असल कर्मचारीको श्रेणीमा दर्ज भइरहन्छन् ।

एउटा कर्मचारीको सेवा जीवन यस्तो होस् कि आफूले गरेका काम सम्झेर आफैं लजाउन र पश्चाताप गर्न नपरोस्। विलासी जीवन र अनैतिक माध्यमबाट आर्जित शक्तिलाई नै प्रतिष्ठित जीवन मान्ने सामाजिक सोच रहिरहने हो भने इमान्दारहरु पनि इमान्दार भएकोमा पश्चाताप गर्ने अवस्था नआउला भन्न सकिन्न ।

त्यसैले, इमान्दारले गर्व गर्ने र दोहनकारीले पश्चाताप गर्ने अवस्था निर्माण हुन भ्रष्टाचारको विरोध गर्ने मात्र हैन, सदाचार र इमान्दारिताको कदर गर्ने सामाजिक सोच र व्यवहार जरुरी छ । अनलाईन खबरबाट

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्होरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

# भक्त प्रहलाद की १० रोचक बातें

होलिका दहन का त्योहार भक्त प्रहलाद की कथा से जुड़ा हुआ है । हिरण्यकश्यप की बहन होलिका भक्त प्रहलाद को अपनी गोद में लेकर अग्नि कुंड में बैठ गई थी लेकिन होलिका अग्नि में भस्म हो गई और भक्त प्रहलाद बच गए थे ।

जीवन के अंत में भक्त प्रहलाद ने मोक्ष प्राप्त करके वैकुंठ में निवास किया। आओ जानते हैं उनके संबंध में १० खास बातें ।

भक्त प्रहलाद के माता पिता भक्त प्रहलाद के पिता का नाम हिरण्यकश्यप और दादा का नाम कश्यप ऋषि और दादी का नाम दिति था। उनकी माता का नाम कयाधु था ।

मां के कारण बनें हरि भक्त माता श्री हरि विष्णु की भक्त थीं। कयाधु भक्त प्रहलाद की मां ने अपने पति हिरण्यकश्यप से होशियारी से विष्णु का १०८ बार नाम जपवा लिया था। और इसके प्रभाव से ही कयाधु, ने प्रहलाद जैसे विष्णुभक्त को जन्म दिया ।

भक्त प्रहलाद के गुरु भक्त प्रह्लाद के ब्रह्मा के मानस पुत्र श्रीविष्णु के परम् भक्त नारदमुनिजी गुरु थे। नारद के अलावा दत्तात्रेय, शंड और मर्क आदि कई महान ऋषियों ने भी प्रहलाद को शिक्षित और संस्कारवान बनाया था ।

विरोचन के पिता और बलि के दादा भक्त प्रहलाद की पत्नि का नाम धृति था जिससे महान पुत्र विरोचन का जन्म हुआ । इसके अलावा आयुष्मान, शिवि और वाष्कल भी उनके पुत्र थे। विरोचन का विवाह विशालाक्षी से हुआ था । जिससे महाबली और महादानी राजा बलि उत्पन्न हुआ, जो महाबलीपुरम के राजा बने । इन बालि से ही श्री विष्णु ने वामन बनकर तीन पग धरती मांग ली थी । प्रहलाद के महान पुत्र विरोचन से एक नई संक्रांति का सूत्रपात हुआ था । इंद्र से जहां आत्म संस्कृति का विकास हुआ वहीं विरोचन से भोग संस्कृति जन्मी। इसके पीछे एक कथा भी चलित है ।

भक्त प्रहलाद की बुआ प्रहलाद की बुआ होलिका जहां आग में जलकर मर गई थी वहीं दूसरी बुआ सिंहिका को हनुमानजी ने लंका जाते वक्त रास्ते में मार दिया था ।

भक्त प्रहलाद के भाई और चाचा भक्त प्रहलाद के तीन भाई थे-अनुहल्लाद, हल्लाद और संहल्लाद । हरिश्यकश्यप का भाई हिरण्याक्ष उनका चाचा था जिसे श्रीहरि विष्णु ने वराह रूप धारण करके मार दिया था ।

भक्त प्रहलाद दैत्य के कुल के अन्य लोग भक्त प्रहलाद दैत्य कुल के होने के बावजूद विष्णु भक्त थे । उनकी कयाधु के अलावा सभी परिजन हिरण्यकश्यप और बुआ होलिका तथा अन्य आसुरी स्वभाव लोग थे। जिनमें दत्तात्रेय, शंड और मर्क, आयुष्मान, शिवि, विरोचन, वाष्कल, और यशकीर्ति आदि विष्णुभक्त भी थे । जिनमें प्रह्लाद सबसे महान थे ।

असुरों के महान राजा भक्त प्रहलाद भक्त प्रहलाद श्रीहरि विष्णु के परम भक्त होने के साथ ही महाज्ञानी और पंडित थे । भगवान नृसिंह के आशीर्वाद और दैत्यों के गुरु शुक्राचार्य के मार्गदर्शन के चलते वे असुरों के महान राजा बन गए थे ।

भक्त प्रहलाद का जन्म स्थान पौराणिक मान्यताओं के अनुसार श्री विष्णु भक्त प्रहलाद का जन्म कृष्ण नगरी मथुरा के एक गांव फालैन में हुआ था । यहां पर भक्त प्रहलाद तथा भगवान विष्णु की पूजा की जाती है ।

पिता द्वारा वध की योजना भक्त प्रहलाद को श्रीहरि विष्णु का भक्त होने के कारण उनके पिता हिरण्यकश्यप ने उनका हर तरह के वध करने का प्रयास किया लेकिन श्रीहरि विष्णु की कृपा से भक्त प्रहलाद को नहीं मारा जा सका तब प्रहलाद की बुआ होलिका ने भक्त प्रहलाद को गोदी में लेकर जलती आग में बैठने के लिए कहा, क्योंकि उसका ब्रह्माजी से वरदान प्राप्त था कि वह अग्नि से जलकर नहीं मर सकती थी । परंतु उसने उस वरदान का दुरुपयोग किया इसलिए होलिका आग में जलकर मर गई और भक्त प्रहलाद बच गए। बाद में श्रीहरि ने नृसिंह अवतार लेकर हरिश्यकश्यप का वध करके भक्त प्रहलाद को असुरों का राजा बना दिया ।

